कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) CCMC मुस्ताङद्वारा प्रकाशित

कोभिड-१९ सम्बन्धी मुस्ताङ जिल्ला स्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ मार्ग ०१ गते सोमबार

वर्ष १ अंक १०

## मिति २०७७/०७/१४ गतेको जिल्लास्तरीय कोभिड-१९ संकट व्यस्थापन केन्द्र (DCCMC) बैठकको निर्णयहरु

### जिल्लाको विशेष परिस्थिति

१. मौसमी प्रतिकुलताका कारण बिरामी पर्दाकै बखत कतिपय अवस्थामा हेलिबाट समेत उद्धार गर्न नसकिने कठिन हुने अवस्था विद्यमान रहेको ।

२. बेनी-जोमसोम-कोलरा (कालिगण्डकी कोरीडोर)को बाटो कच्ची भएकोले कतिवेला कहाँ पहिरो गई बन्द हुन्छ भन्न सकिने अवस्था नभएकोले बाटोमै विरामीको अवस्था जे पनि हुन सक्ने ।

३. जिल्ला अस्पतामा भेन्टीलेटर नभएकोले विरामीको अवस्था नाजुक भएमा भेन्टीलेटरमा राखी उपचार गराउन सक्ने अवस्था नरहेको ।

४. चिसो मौसम शुरु भईसकेकोले चिसोका कारण निमोनिया , रुघाखोकी जस्ता रोगहरुको संक्रमण बढ्न सक्ने ।

५. नेपाल सरकारको विभिन्न मितिमा भएको निर्णय तथा परिपत्रानुसार सार्वजनिक धार्मिक मुक्तिनाथ र कागवेनी नित्य पुजा बाहेक बन्द रहेको ।

### निर्णय १

हालसालै देखिएको कोरोना संक्रमणको अवस्थालाई मध्यनजर गर्दै संक्रमणलाई नियन्त्रण गर्नको लागि संक्रमितको उपचार, रोगको रोकथाम तथा नियन्त्रण गर्नको लागि गाउँपालिकाहरुको स्वास्थ्य संयोजक संग समन्वय गरि CICT गरि आवश्यकताको आधारमा स्वाव संकलन गरी परिक्षण को लागि पठाउने ।

### निर्णय २

अस्पतालमा आएका शंकास्पद Covid -19 को विरामिको स्वाव संकलन गरि सकेपछि सम्बन्धित व्यक्तिलाई स्वावको report नआउदा सम्म अनिवार्य रुपमा आईसोलेशन / क्वारेन्टीनमा बस्न अनुरोध गर्ने र सो को निगरानी गर्नको लागि सम्बन्धित गाउँपालिकालाई अनुरोध तथा जानकारी गराउने ।साथै निजको परिवारलाई समेत सतर्क गराउने।

### निर्णय ३

अति आबश्यक काम परि जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको हकमा जिल्ला प्रवेश गर्नको लागि स्थानिय तहको सहमति आएमा जिल्ला प्रवेशको लागि सहजिकरण गर्ने ।

### निर्णय ४

अति आवश्यक काम परि मुसिताङ जिल्ला प्रवेश गर्ने प्रत्येक व्यक्ति स्वास्थ्य सम्बन्धी सुरक्षाका सम्पूर्ण मापदण्ड पुरा गरी अनिवार्य रुपमा स्वास्थ्य मापदाण्ड अनुसार क्वारेन्टाईन बस्नुपर्ने र सोको अनुगमन स्थानियको हकमा सम्बन्धित स्थानिय CCMC र कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखले गर्ने र सोको जानकारी जिल्ला CCMC लाई गराउने ।

### निर्णय ५

सबै गाउँपालिकाहरुले क्वारेन्टाईन र आईसोलेशनको पुर्वाधरहरु १० दिन भित्र तयार गरी (कम्तिमा १० बेडको) जिल्ला CCMC मा जानकारी दिनको लागि अनुरोध गर्ने।

### निर्णय ६

सबै गाउँपालिकामा कोभिड १९ र यसको रोकथाम तथा नियन्त्रणको लागि वडाहरुमा स्वास्थ्य मापदण्ड पालना गर्दै जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्न आवश्यक प्राविधिक सहयोग अस्पताल र स्वास्थ्य कार्यालयवाट गर्ने।





प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठक बस्दै





श्रीमान गृह सचिवज्यू जिल्ला प्रशासन कार्यालय, मुस्ताङ् प्रवेश पुर्व कोभिड-१९ सुरक्षाको लागी निर्मलीकरण गरीदै





श्रीमान स.प्र.म.नि. र स.प्र.अ.म.नि.ज्यू समेतको टोलीको कोभिड-१९ सुरक्षार्थ निर्मलीकरण गरीदै




कोभिड-१९ सचेतनाको लागि माइकिङ् गर्दै सशस्त्र प्रहरी बल



क्वारेन्टाइन/आईसोलेसन अनुगमन गर्दै प्र.जि.अ., घरपझोङ गा.पा.उपाध्यक्ष, स.प्र.जि.अ., अस्पतालका मे.सु. समेतको टोली

# कोभिड-१९ सचेतना कार्यक्रम



## थासाङ्-३ लेतेमा

मिति २०७७/०७/२५ गते थासाङ् गा.पा. अध्यक्षको उपस्थितिमा जिल्ला प्रहरी कार्यालयका प्र.नि., लेते प्रा.स्वा.के.का डाक्टर, गा.पा.स्वास्थ्य संयोजक समेतको टोलीले स्थानीय जनतालाई भौतिक दुरी कायम गर्दै कोभिड-१९ बाट सुरक्षीत रहन सचेतना कार्यक्रम सम्पन्न भयो।

## थासाङ्-२ कोबाङ्गमा

मिति २०७७/०७/१७ गते थासाङ् गा.पा. अध्यक्षको उपस्थितिमा जिल्ला प्रहरी कार्यालयका प्र.नि., जोमसोम अस्पतालका डाक्टर, गा.पा.स्वास्थ्य संयोजक समेतको टोलीले स्थानीय जनतालाई भौतिक दुरी कायम गर्दै कोभिड-१९ बाट सुरक्षीत रहन सचेतना कार्यक्रम सम्पन्न भयो।







मुस्ताङ प्रवेशको एकमात्र विन्दु घाँसामा सवारी साधन Disinfection तयारी गर्दै सुरक्षाकर्मीहरु समेत

## २०७६ फागुन/चैत्रमा जिल्लामा स्थापना गरीएका कोभिड-१९ सम्बन्धी हेल्थडेस्कहरु

- घाँसा
- जोमसोम विमानस्थल
- मुक्तिनाथ क्षेत्र
- लोमन्थाङ्ग

## २०७७ बैशाख पछि हालसम्म संचालित कोभिड-१९ को हेल्थडेस्कहरु

- घाँसा
- जोमसोम अस्पताल

मिति २०७७/०७/०१ गते देखी मिति २०७७।०७।३० गतेसम्म मुस्ताङ जिल्लाको घाँसा हेल्थ डेस्क र जिल्ला अस्पतालमा स्थापना गरिएको फिभर क्लिनिकबाट जम्मा २७२३(पुरुष-२३४७, महिला-३७६) जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।



स्वाब संकलन तयारीमा स्वास्थ्यकर्मीहरु

## जिल्लामा कार्यरत चिकित्सकहरुको विवरण

| पद नामथर | कार्यालय | फोन नं. |
|---|---|---|
| मे.अ.डा.शिब भण्डारी | जिल्ला अस्पताल | ९८५७६४९५५५ |
| डा. केबिन पौडेल | जिल्ला अस्पताल | ९८४६७२३०८१ |
| डा. साजन बराल | जिल्ला अस्पताल | ९८६७३०९४१६ |
| डा. सबिता बराल | जिल्ला अस्पताल | ९८४५१७८६६९ |
| डा. अनिल तिमिल्सेना | जिल्ला अस्पताल | ९८६७००३३३५ |
| डा. लक्ष्मण थापा | लेते प्रा.स्वा.केन्द्र | ९८४००११८०३ |

## जिल्लामा रहेका एम्बुलेन्सहरुको विवरण

| चालक | सम्पर्क | निकाय |
|---|---|---|
| ओमकार वि.क. | ९८४२२६५४०४ | जोमसोम अस्पताल |
| वीर बहादुर घले | ९८६९२०४८७६ | नेपाल रेडक्रस सोसाईटी |




मुस्ताङ जिल्ला प्रवेश गर्ने एक मात्र नाका घांसामा यात्रुको विवरण र स्वास्थ्य परिक्षण गरीदै

## कोभिड-१९ हालसम्मको तथ्याङ्कमा मुस्ताङ

| क्वारेन्टाईनमा राखिएको संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | हाल आईसोलेसनमा रहेको संख्या | स्वाव टेष्ट संख्या | Positive आएको संख्या | Negative आएको संख्या | पुनः परिक्षण गर्दा Negative आएको संख्या | Report आउन बाँकी | सक्रीय संक्रमित संख्या |
|---|---|---|---|---|---|---|---|---|
| २८९ | २८९ | ३९ | २७१ | २३ | २४८ | २ | ० | २१ |

## कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि गरिएको कार्यहरुको निरन्तरता

मुस्ताङ जिल्लामा हाल केही कोरोना संक्रमित रहेकोले कोरोना नियन्त्रण तथा रोकथाम हेतु मुस्ताङ जिल्ला प्रवेश गर्ने एक मात्र नाका थासाङ गाउँपालिका वडा नं. ४,घाँसाबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य चेकजाँच गरिदैं आएको छ । स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको टोलीद्धारा स्वास्थ्य परिक्षण तथा सवारी साधन Disinfection का कार्यहरुलाई निरन्तरता दिईएको छ ।


स्वास्थ्य चेकजाँच गर्दा लक्षण देखिएमा सम्बन्धित गाउँपालिकाहरुद्धारा तोकिएको प्रि-आईसोलेशन राख्रे व्यवस्था गरिएको छ







**अंक १ देखि अंक ६ सम्म पाक्षिक रुपमा प्रकाशन हुँदै आएकोमा अंक ७ पछिका अंकहरु जिल्लास्तरिय CCMC को निर्णयानुसार मासिक रुपमा प्रकाशन गरिएको ।**







## प्रकाशक


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, मुस्ताङ**

कोभिड - १९ संकट व्यवस्थापन केन्द्र मुस्ताङ
COVID-19 Crisis Management Centre (CCMC) Mustang


Email :daomustang@gmail.com
daomustang@moha.gov.np